# प्रेस समाचार



गभर्नर डा. युवराज खतिवडाले मुलुकमा ८ वर्ष अघिदेखि प्रारम्भ भएको वित्तीय क्षेत्र सुधार कार्यक्रम मुख्य गरी बैंकिङ क्षेत्रको सुधारमा केन्द्रित रहेको बताउनुभएको छ । नेपाल आर्थिक संघले फागुन २० गते काठमाडौंमा आयोजना गरेको वित्तीय क्षेत्र सुधार सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्ने क्रममा उहाँले उक्त कुरा बताउनुभएको हो । गभर्नर डा. खतिवडाले भन्नुभयो- “सन् २००४ देखि सञ्चालित वित्तीय क्षेत्र सुधार कार्यक्रमले मूलतः नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको वित्तीय अवस्थामा सुधार तथा केन्द्रीय बैंकको सुपरीवेक्षकीय क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको थियो ।” वित्तीय क्षेत्र सुधारको समग्र अवस्थालाई हेर्दा हाल जनमानसमा सुधार भनेको केवल परामर्शदाताको नियुक्ती मात्र हो की भन्ने अर्थ लाग्न थालेको उल्लेख गर्दै उहाँले संस्थागत क्षमता विकासको उत्तरदायित्व लिन नसक्ने कुनैपनि किसिमको कार्यलाई कदापी सुधार मान्न नसकिने बताउनुभयो । एक अर्को प्रसङ्गमा गभर्नर डा. खतिवडाले भन्नुभयो- “सुधारको क्रममा रहेको राष्ट्रिय वाणिज्य बैंकमा नेपाल औद्योगिक विकास निगमलाई गाभेर वित्तीय क्षेत्र सुधारको कार्यलाई थप अघि बढाउनेतर्फ आवश्यक प्रक्रिया प्रारम्भ भइसकेको छ ।”

कार्यक्रममा बोल्दै अर्थ सचिव तथा नेपाल राष्ट्र बैंक सञ्चालक समिति सदस्य श्री रामेश्वर खनालले प्रोत्साहन स्वरुप केन्द्रीय बैंकले ल्याएको मर्जर सम्बन्धी सुविधा उपभोग नगरे बाध्यात्मक अवस्था आउन सक्नेतर्फ सम्बद्ध सबैलाई सजग रहन आग्रह गर्नुभयो । संघका उपाध्यक्ष डा. भवानी ढुङ्गानाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रस्तुत कार्यपत्रमाथि पूर्व गभर्नरद्वय श्री विजयनाथ भट्टराई र श्री दीपेन्द्रबहादुर क्षेत्रीले टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा लुम्बिनी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री शोभनदेव पन्तले “वित्तीय क्षेत्र सुधार कार्यक्रमः विगतको पाठ र आगामी दिशा” विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।